# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख

कर्णाली प्रदेश,
नेपाल ।

प.सं. २०७९।८० (सूचना प्रविधि शाखा)
च.नं.

मिति:२०७९।०९।०६

**विषयः द्वन्द कालमा घाइते अपाङ्गता भएका व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता वितरण तथा सहिद स्मृती भत्ता वितरण प्रयोजनका लागि फाराम भर्ने सम्बन्धी सूचना ।।**

प्रस्तुत विषयमा जनयुन्द्व, जनआन्दोलन, र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका क्रममा घाइते अपाङ्गता भएका व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता प्रदान गर्न **"घाइते अपाङ्गता भएका व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका २०७९"** र सहिद र वेपत्ता परिवारका हकवालालाई सहिद स्मृती भत्ता प्रदान गर्न **"सहिद स्मृती भत्ता वितरण निर्देशिका २०७९"** मा भएको व्यवस्था बमोजिम यस महाबु गाउँपालिका भित्र रहेका घाइते अपाङ्गता भएका, सहिद र वेपत्ता भएका व्यक्तिहरुको नामावली यसै सुचनाका साथ संलग्न राखिएको छ ।
**"जीवन निर्वाह भत्ता"** प्राप्त गर्ने घाइते तथा अपाङ्गता भएका व्यक्ति र **"सहिद स्मृती भत्ता"** प्राप्त गर्ने सहिद तथा वेपत्ता पारिएका परिवारका हकवालाले तपसिल बमोजिम कागजात सहिद सूचना प्रकाशन भएको मितिले १ महिना भित्र यस महाबु गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ ।

**तपसिलः**

**१.जीवन निर्वाह भत्ताको निवेदनको लागि आवश्यक कागजातहरु**

-"घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका २०७९" को अनुसुची-१, को फाराम,
-नागरिकताको प्रतिलिपि,
- श्रेणी खुलेको घाइते अपाङ्गताको प्रमाणपत्रको प्रतिलिपि
-बैंक खाता नम्बर खुल्ने कागजात
-१ प्रति फोटो, सम्बन्धित वडाको सिफारिस ।

**२.सहिद स्मृती भत्ताको निवेदनको लागि आवश्यक कागजातहरु**

-सहिद तथा वेपत्ता पारिएका परिवारका हकवालाको हकमा "सहिद स्मृती भत्ता वितरण निर्देशिका २०७९" को अनुसुची-१, को फाराम,
-सहिद तथा बेपत्ता पारिएका व्यक्तिको नागरिकताको प्रतिलिपी,
-सहित तथा बेपत्ता भएको पुष्टी हुने सबै प्रमाणहरुको प्रतिलिपि,
-हकवालाको नागरिकताको प्रतिलिपी,
-नाता प्रमाणितको प्रतिलिपी,
-१ प्रति फोटो, सम्बन्धित वडाको सिफारिस,
-बैंक खाता नम्बर खुल्ने कागजात ।

**सम्पर्कको लागिः**

टिका कुमारी रोकाय सूचना प्रविधि अधिकृत ९८६८३०४७४६

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, वीरेन्द्रनगर सुर्खेत,
श्री १ देखि ६ सम्मका वडाकार्यालयहरु सबै आवश्यक सहजीकरण गरिदिन हुन ।